गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा
Bhumlichowk,Gorkha
गण्डकी प्रदेश, नेपाल
Gandaki Province,Nepal

प.सं:(DispatchNo.) :२०८२/०८३

च नं.(Ref.No) :

## गण्डकी गाउँपालिका भित्रका कृषकहरुलाई गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रमको लागि दरखास्त आह्वानको सुचना

**प्रथम पटक सूचना प्रकाशन मितिः२०८२/०४/२५**

गण्डकी गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपालन गर्ने कृषकहरुका गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम संचालन गरी दुध उत्पादन वृद्धि गरि आयआर्जन, दुई बेतको अन्तर कम गर्न र पाडापाडी स्वास्थ्य तन्दुरुस्त राख्न तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुको आवेदनका लागि यो सुचना प्रकाशित गरिएको छ । इच्छुक कृषकहरुले यस कार्यक्रमका लागि सुत्केरी गाई र भैंसी पालक कृषकहरुले **गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रममा** तपशिल बमोजिम कागजात र मापदण्ड पुरा गरी अनुसुचि ३ बमोजिमको निवेदन सहित यस कार्यालयमा पेश गर्नुहुन र विस्तृत जानकारीका लागि गण्डकी गाउँपालिका पशु सेवा शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

कार्यक्रम संचालनका लागी कृषक छनौट तथा भुक्तानीको आधारहरुः

१) आवेदक कृषक पशुपालन सँग सम्बन्धित हुनु पर्नेछ ।

२) कृषकले एक वा एक भन्दा बढी दुधालु गाईभैंसी पालेको हुनुपर्नेछ र एक आ.व मा एकाघर परिवारलाई १ पटकका लागि मात्र कार्यक्रममा सहभागी गराइनेछ ।

३) तसर्थ यस आ.व. का लागि २०८२ मंसिर महिना देखि सुत्केरी हुने पशुहरुलाई मात्र प्राथमिकताका आधारमा **गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम** मा कृषकहरुले आवेदन दिन पाउनेछन।

४) पशु सुत्केरी हुने अपेक्षित मितिले कम्तिमा ४ महिना अगावै पशुधनीले पशु गर्भवती भएको अवस्था बारे वडा स्थित भेटेरिनरी प्राविधिक मार्फत पशु सेवा शाखामा अनिवार्य जानकारी गराउनु पर्नेछ।

५) कृषकहरुले जानकारी आवेदन दिंदा पशु सुत्केरी हुने अनुमानित मिति र सम्बन्धित कृषकसँग पशुको फोटो अनिवार्य रुपमा निवेदन साथ पेश गर्नु पर्नेछ ।

६) कृषकले पशु सुत्केरी भई सकेपछि भुक्तानीका लागि आवेदन दिंदा अनिवार्य रुपमा माउ, पाडापाडी/बाच्छाबाच्छी र सम्बन्धित कृषक देखिने गरि फोटो, नागरिकता प्रमाणपत्र प्रतिलिपि तथा पशु बीमा गरेको प्रमाण अनुसूची ३ बमोजिमको निवेदन साथ पेश गर्नुपर्नेछ र सो विवरण अनुगमन समितिबाट अनुगमन भई स्वीकृत भए पश्चात मात्र सम्बन्धित कृषकलाई रकम भुक्तानी गरिनेछ ।

(नोटः थप जानकारीका लागि सम्पर्क नं. ९७६४३९८६११,९८६५१६८७८०,९७०४१५०४४४)

भुवन चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची-३
(दफा ७ क बमोजिम)
दरखास्त ढाँचा

<u>निवेदनः</u>

मितिः........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गण्डकी गाउँपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा।

**विषयः गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रममा सहभागी भई पाउँ।**

उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम भएकाले मेरो गाई\भैंसी मितिः ..................... मा सुत्केरी हुने/भएकाले **गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रममा** सहभागीता/भुक्तानीका लागि यसै निवेदन साथ तपशिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

**तपशिलः**

१. वडा कार्यालयको सिफारिस पत्र।
२. नागरिकता फोटोकपी
३. सुत्केरी पशुको तस्वीर
४. पशु बीमाको प्रमाण

**निवेदकः**
कृषकको नामः............................
ठेगानाः.......................................
सम्पर्क नः..................................
हस्ताक्षरः...................................